सन्दर्भ : विश्व उपभोक्ता अधिकार दिवस

कसरी बन्ने दिगो उपभोक्ता?

आभास धरानन्द राजोपाध्याय चैत २, २०७६ | आइतबार | काठमाडौं

11
SHARES

उपभोक्ताका रूपमा हामीलाई कानुनतः र सैद्धान्तिक रूपमा केही अधिकार प्राप्त छन्। तर कतिलाई यसबारे थाहा होला?

यसैबारे सबै उपभोक्तालाई सुसूचित गर्ने उद्देश्यले विश्व उपभोक्ता दिवस प्रत्येक वर्ष मार्च १५ मा मनाइन्छ। यस वर्ष पनि आज आइतबार विश्व उपभोक्ता दिवस 'दिगो उपभोक्ता'को नारासहित मनाइँदै छ। सबैभन्दा पहिले उपभोक्ता अधिकारको कुरा गरौं।

के-के छन् त उपभोक्ता अधिकार?

सामान्यतः विश्वव्यापी रूपमा मानिने उपभोक्ता अधिकारलाई निम्न पाँच बुँदामा समेट्न सकिन्छ-

- सुरक्षाको अधिकार - उपभोक्ताका रूपमा हामीले प्रयोग गर्ने सामग्री वा सेवाले हाम्रो सुरक्षामाथि कुनै पनि हस्तक्षेप गर्नु हुँदैन। उपभोग्य सामग्री हामी उपभोक्ताका लागि सदैव सुरक्षित हुनुपर्छ।
- सूचनाको अधिकार - कुनै पनि उपभोग्य वस्तु वा सेवाबारे सबै उपभोक्तालाई सही सूचना सही समयमा सही माध्यममार्फत् प्रदान गरिनुपर्छ। कुनै पनि उपभोग्य वस्तुको विज्ञापनले गलत सूचना दिएर आफ्नो बजारीकरण गर्नु हुँदैन।
- निवारण वा समाधानको अधिकार - यस अधिकारले कुनै पनि असन्तुष्ट सेवा वा निम्न गुणस्तरको सामग्री वा कुनै पनि सामग्री वा सेवा गलत किसिमले विज्ञापन गरिएकोमा त्यस्ता सेवा वा सामग्रीको उपभोक्ताले त्यसको उचित समाधानका रूपमा क्षतिपूर्ति पाउनुपर्छ भन्ने सुनिश्चित गर्छ।
- उपभोक्ता शिक्षाको अधिकार - विभिन्न उपभोग्य सामग्री वा सेवाबारे ठीक र भरपर्दो सूचना पाउनुपर्छ र उपभोक्ताका रूपमा ती सामग्री वा सेवा प्रयोगबारे शिक्षा दिइनुपर्छ।
- आधारभूत आवश्यकताको अधिकार - हामीलाई उपभोक्ताका रूपमा चाहिने आधारभूत आवश्यकताका सामग्री वा सेवा गुणस्तरीय रूपमा किफायती मूल्यमा हामीले उपभोग गर्न पाउनुपर्छ।

उपभोक्ता संरक्षण ऐन, २०७५

नेपालमा २०७५ सालको उपभोक्ता संरक्षण ऐन लागू गरिएको छ। यस ऐनको आवश्यकताबारे प्रस्तावनामा भनिएको छ-

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउन सङ्घीय संसदले यो ऐन बनाएको छ।

यस ऐनले उपभोक्ताका अधिकार भनी बृहत्तर रूपमा 'गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार'को कुरा गरेको छ भने बुँदागत रूपमा निम्न अधिकार सुनिश्चित गरेको छ-

- वस्तु वा सेवामा सहज पहुँचको अधिकार

- स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनोट गर्न पाउने अधिकार
- वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने अधिकार
- दुई वा दुईभन्दा बढी पदार्थको सम्मिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्त्व वा प्रतिशतको सम्बन्धमा उत्पादक, पैठारीकर्ता वा बिक्रेताबाट जानकारी पाउने अधिकार
- मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्रीवितरणबाट सुरक्षित हुन पाउने अधिकार
- अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलापविरुद्ध उचित कानुनी कारवाही गराउन पाउने अधिकार
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानीविरुद्ध क्षतिपूर्ति पाउने अधिकार
- उपभोक्ता हक, हितको संरक्षण्का सम्बन्धमा अधिकारप्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाइ हुने अधिकार
- उपभोक्ता शिक्षा पाउने अधिकार।

दिगो विकासका लक्ष्य

‘दिगो विकास’ - शब्दको सामान्य अर्थ हो, लामो समयसम्म टिक्ने विकास। तर यसलाई परिभाषा गर्दा विशेषतः पुस्तागत रूपमा हेरिन्छ। वर्तमान पुस्ताको आवश्यकता र मागलाई सम्बोधन गर्न सक्ने तर यसले भावी पुस्ताको उक्त आवश्यकता र माग सम्बोधन गर्ने क्षमता र अवसरमाथि भने कुनै पनि किसिमले हस्तक्षेप वा अवरोध नगर्ने विकासका गतिविधिलाई दिगो विकास भनिन्छ।

सहस्राब्दी विकास लक्ष्य (मिलेनियम डेभलप्मेन्ट गोल्स, अर्थात् एमडिजी)का आठवटा लक्ष्यपछि सन् २०१६ देखि अब एजेन्डा २०3० भनिने दिगो विकासका लक्ष्य (सस्टेनेबल डेभलप्मेन्ट गोल्स, अर्थात् एसडिजी)का १७ वटा लक्ष्य छन्। यी १७ वटा लक्ष्यलाई अझै १ सय ६९ उद्देश्यमा विभाजन गरिएका छन्। प्रत्येक उद्देश्यको मापन गर्नका लागि १ देखि ३ वटासम्म सूचकांक तोकिएको छ। यसरी जम्मा २ सय ३२ सूचकांक तोकिएका छन्।

दिगो विकासका लक्ष्यका १७ वटा लक्ष्यमध्ये १२ औँ लक्ष्य उत्पादन र उपभोगसँग प्रत्यक्ष रूपमा जोडिन्छ। लक्ष्य १२ मा भनिएको छ- दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने।

तर, यसबाहेक अप्रत्यक्ष रूपमै भए पनि लक्ष्य १ गरिबी निवारण, लक्ष्य २ शून्य भोकमरी, लक्ष्य ७ किफायती र स्वच्छ ऊर्जा, लक्ष्य ९ उद्योग, नवीनता र पूर्वाधार, लक्ष्य ११ दीगो सहर र समुदाय, लक्ष्य १७ लक्ष्य प्राप्तिका लागि सहकार्य आदि लक्ष्य १२ सँग जोड्न सकिन्छ।

दिगो विकासका लक्ष्य १२ को दिगो उपभोक्ता र उत्पादनका लागि निम्न आठवटा उद्देश्य लिइएको छ-

- दिगो उपभोग र उत्पादन कार्यक्रमहरूको १०-वर्षे ढाँचा/खाका कार्यान्वयन गर्ने
- सन् २०३० सम्ममा प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापन गर्दै यिनीहरूको प्रयोग प्रभावकारी रूपमा गर्ने
- खुद्रा तथा उपभोक्ता तहमा हुने प्रति व्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र खाद्यान्न क्षति घटाउने
- सन् २०२० सम्ममा अन्तर्राष्ट्रिय रूपमा अनुमोदित संरचनाअनुसार रासायनिक पदार्थहरू र सबै फोहोरमैलाहरूको जीवनचक्रभरि नै वातावरणीय दृष्टिकोणले प्रभावकारी रूपमा व्यवस्थापन गर्ने तथा मानव स्वास्थ्य र वातावरणमा हुनसक्ने प्रतिकूल असर न्यूनीकरण गर्न तिनीहरूको हावा, पानी र माटोमा निष्क्रमणलाई सारभूत रूपमा घटाउने
- फोहोरमैलाको उत्पादनलाई सन् २०३० सम्ममा रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरूलाई पुनः प्रशोधन एवं पुनः प्रयोग गरेर सारभूत रूपमा घटाउने
- दिगो अभ्यास अवलम्बन गर्न र आफ्नो कार्य प्रतिवेदनमा दीगोपनको सूचना सम्मिलित गर्न कम्पनीहरू विशेषतः ठूला र अन्तर्राष्ट्रिय कम्पनीहरूलाई प्रोत्साहित गर्ने
- राष्ट्रिय नीति र प्राथमिकताबमोजिम दीगो सार्वजनिक खरीद अभ्यास प्रवर्द्धन गर्ने
- सन् २०३० सम्ममा दिगो विकास र प्रकृतिसँग तालमेल/सङ्गति भएको जीवनपद्धतिका सान्दर्भिक सूचनाहरू रहेको साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने

कसरी बन्ने त दिगो उपभोक्ता?

सबैभन्दा महत्त्वपूर्ण कुरा, आफ्नो आवश्यकता र उपभोग क्षमता मापन गर्नु महत्त्वपूर्ण हुन्छ। यो व्यक्तिगत तहमा वा प्रादेशिक–राष्ट्रिय तहमा पनि हुन सक्छ। भावी पुस्ताका लागि स्रोतसाधनको कमी नहोस् भन्ने हेतुले वर्तमान पुस्ताले चाहिँ त्यही आवश्यकता र उपभोग क्षमताकै अनुसार मात्र उत्पादन गर्नु जरुरी हुन्छ।

यसरी वर्तमान पुस्ताले आफ्नो आवश्यकता पूरा गर्दै जाँदा ती प्राकृतिक स्रोतसाधनप्रति जिम्मेवारी पनि निभाउनुपर्छ। त्यसैले यस १२ नम्बरको दिगो विकासका लक्ष्यलाई छोटकरीमा जिम्मेवार उपभोग र उत्पादन भनी लेखिएको पनि पाउन सकिन्छ।

उपभोक्ताले जिम्मेवार भई उपभोग गर्नु जिम्मेवार उपभोक्ता हुनु हो। आवश्यकताभन्दा बढी जम्मा गरेर राख्नु र बजारमा कृत्रिम अभाव निर्माण हुनु सामान्य उपभोक्ताको हकहितविपरीत कार्य हो।

दिगो उपभोक्ता हुनका लागि एकतर्फ उपभोक्ता स्वयंको दायित्व महत्त्वपूर्ण छ भने अर्कोतर्फ आपूर्ति व्यवस्थापनको चक्रका विभिन्न तत्त्वहरूले पनि जिम्मेवार र उपभोक्ताप्रति वफादार हुनु उत्तिकै जरुरी छ।

कोरोनाभाइरसको प्रकोप विश्वभर चल्दै गर्दा नेपालमा पनि असर गर्छ नै, विशेषतः यहाँका बजारमा यसको प्रभाव देखिन थालेको छ। भारतीय नाकाहरू बन्द हुँदै गर्दा ग्यास जम्मा गर्न थाल्ने प्रवृत्ति, अन्य खाद्य सामग्री पनि प्रत्येक घरधुरीले जम्मा गर्न थाल्दा बजारमा अभाव हुन पुग्नु स्वाभाविक हो। यसको विकल्प पहिचान गर्दै जाने, अनि बजारमा यसरी कृत्रिम अभाव सिर्जना नगर्नु उपभोक्ताको पनि दायित्वमा पर्छ भन्ने ज्ञात हुनुले यस दिनको सान्दर्भिकता अझ झल्काउँछ।

प्रकाशित: Mar 15, 2020 | 16:14:49

आभास धरानन्द राजोपाध्याय

0 Comments

Sort by **Oldest**

Add a comment...

Facebook Comments Plugin

नेपालन्युज लाइभ